बैठक नं. १६

आज मिति २०७४ साल चैत्र २७ गतेका दिन गाउँ कार्यपालिका को बैठक अध्यक्ष श्री जगतबहादुर भोलनज्युको अध्यक्षतामा — बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसार का निर्णय गरियो ।

उपस्थिति

श्री जगतबहादुर भोलन - अध्यक्ष
श्री दुर्गादेवी सुनुवार - उपाध्यक्ष
श्री रामकाजी वाइवा - सदस्य
श्री एकबहादुर खड्का - "
श्री कृष्णबहादुर थिङ - "
श्री चक्रबहादुर पाख्रिन - "
श्री विष्णुकुमार कर्माचार्य - "
श्री भानुका थापामगर - "
श्री सुन्दरीमाया वाइवा - "
श्री हिमालीमाया वि.क. - "
श्री गंगामाया वि.क. - "
श्री यमकुमारी दमाई - "
श्री सुनमाया थिङ - "
श्री सन्तोष नेपाली - प्रमुख प्रशासकिय अधिकृत

अन्य उपस्थिति

श्री भरतजंग थापा - ना.सु.

निर्णय नं.-१ :-

यस गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्नको लागि गाउँपालिका अन्तर्गत बग्ने विभिन्न खोलाहरुबाट ढुङ्गा, बालुवा, गिट्टि उत्खनन गर्न तल उल्लेखित खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नको लागि रु. ५,००,०००/- (पाँच लाख) विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

१. सिम्ले खोला - ह्याङलेख - १
२. मरिण खोला - " २
३. डाडो खोला - " २
४. रामपुर खोला - " ६

५. राङ्चा खोला - ह्याङ्लेख - ९
६. तामफोर खोला - " - ३

निर्णय नं०-२

गाउँपालिका अन्तर्गत संचालन गरिने योजनाहरुको लागी गठन भएका उपभोक्ता समितिहरुलाई ऐनको परिधिभित्र रही विकास निर्माणको कार्यमा सक्रियताका साथ सम्पन्न गर्नको लागि "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्य विधि २०७४" लाई सर्वसम्मतबाट पारित गर्ने निर्णय गरियो।

निर्णय नं.३

गाउँपालिकाभित्र प्राकृतिक प्रकोपद्वारा पिडितहरुलाई राहत तथा उद्धार कार्यक्रम प्रभावकारी रुपले संचालन गर्ने विपद-व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ लाई संशोधन सहित सर्वसम्मतबाट पारित गरियो।

निर्णय नं.४

यस गाउँपालिकाको कार्यालयलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि हाल सम्म नेट जडान गर्न नसकिएको हुँदा कार्यालयका दैनिक कामकाजहरुलाई प्रभावकारी रुपमा सूचना प्रविधियुक्त बनाउनको लागि यथाशिघ्र इन्टरनेट जडान गरी काम अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं.५

खडेरीको कारणले यस गाउँपालिका अन्तर्गत गत विगत वर्षहरुमा प्रयोग भएको खानेपानी मुहानहरु सुख्खा भै अन्य ठाउँमा मुहान स्थानान्तरण गर्नुपर्ने भएकोले आवश्यक भएको हुँदा विनियोजित रु. ५,००,०००।- बजेटको परिधिभित्र रही यु.पि. पाइप - खरिद गर्ने निर्णय गरियो।

निर्णय नं.६

ह्याङ्लेख गाउँपालिका वडा नं.५ अन्तर्गत बगरयोल मा विगत लामो समयदेखि कक्षा-१ सम्म संचालन हुँदै आएको माटेखानी प्रा.वि. को लागि तपशिल अनुसारको फर्निचर खरिद गर्ने निर्णय गरियो।

तपशिल

(क) डेक्स+बेन्च - ५ सेट
(ख) स्टिल दराज - १ थान
(ग) कुर्सी — १ थान

निर्णय नं. ७

गाउँपालिका अध्यक्ष र उपाध्यक्षलाई संचार सुविधा वापत वार्षिक रुपमा क्रमशः रु. १८,०००/- र रु. १२,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

यस ह्याङलेख गाउँपालिका स्तरीय आधारभूत तहको कक्षा ८ को परीक्षा संचालन तथा व्यवस्थापनका लागि गाउँपालिकाबाट विविध खर्च शीर्षकबाट भुक्तानी हुनेगरी - परीक्षा समितिका लागि रु. १,००,०००/- दिने निर्णय गरियो ।

निर्णय नं. ९

यस गाउँकार्यपालिकाको नियमित मासिक बैठक महिनाको १० र २५ गते राख्ने साथै सो दिन सार्वजनिक बिदा पर्न गएमा भोलिपल्ट बैठक बस्ने निर्णय गरियो ।

निर्णय नं. १०

यस गाउँपालिकाभित्र संचालित योजना, आयोजना तथा कार्यक्रमहरुबाट आशातित उपलब्धी प्राप्त गर्नको लागि अनुगमन एवं मुल्याङ्कन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि ह्याङलेख गाउँपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि २०७८ सर्वसम्मतबाट पारित गरियो ।

निर्णय नं. ११

गाउँपालिकाका योजनाहरुलाई प्रभावकारी रुपमा अनुगमन गरी प्रतिवेदन पेश गर्न स्वीकृत अनुगमन मुल्याङ्कन कार्यविधि २०७८ ले व्यवस्था गरे बमोजिम तपशिल अनुसारको गाउँपालिका स्तरीय अनुगमन तथा मुल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. श्री दुर्गादेवी सुनुवार - संयोजक

२. श्री एकबहादुर खड्का - सदस्य
३. श्री यमकुमारी दमाई - "
४. श्री प्राविधिक शाखा प्रमुख/प्रतिनिधि - "

निर्णय नं. १२

यस गाउँपालिकाको लागि जग्गा दिने इच्छुक जग्गादाताहरुबाट निशुल्क रुपमा प्राप्त हुन आउने जग्गाहरु क्रमश: गाउँपालिकाको नाममा रजिष्ट्रेशन पास गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. १३

गाउँपालिकाको आजको बैठक सौहार्दपूर्ण रुपमा सम्पन्न गरियो ।

सन्तोष नेपाली
प्रमुख प्रशासकिय अधिकृत